# सासाहिक समाचारपत्रिका

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार




स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा विश्व क्षयरोग दिवसको अवसरमा गते मानव सेवा आश्रम, बेशिसहरमा ३० जना तथा सर्वोदय सेवाश्रम, राइनासमा १६ जनाको क्षयरोग स्कृनिङ कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा क्षयरोगका साथै उच्च रक्तचाप, मधुमेह तथा मृगौला रोगको समेत स्कृनिङ गरिएको थियो। साथै स्वास्थ्य कार्यालयको आयोजनामा क्व्होलासोथार गाउँपालिका, मालिङमा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यकर्मिहरुका लागि क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा कुल २७ जनाको सहभागिता रहेको थियो।





स्वास्थ्य कार्यालय, नवलपुर (ब.सु.पू.) को आयोजनामा न्युनतम सेवा मापदण्ड सम्बन्धि अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन भएको छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



अमलाचौर स्वास्थ्य चौकी, बागलुङको आयोजनामा विश्व क्षयरोग दिवसका अबसरमा बा न पा १२,पात्लेखेत मा ४९ जनाको उपस्थितिमा क्षयरोगमुक्त नेपाल अभियानका लागि 'हो! हामी क्षयरोग अन्त्य गर्छौं; भन्ने मूल नाराका साथ स्वास्थ्य शिक्षा र अन्तरकृया कार्यक्रम गरि मनाईएको छ साथै पुर्णखोप सुनिश्चितताको लागि घरधुरि सर्बेक्षण, पोषण अबस्थाको लेखाजोखा र सामान्य स्वास्थ्य परिक्षण समेत गरिएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




आन्तरिक मामिला मन्त्रालय गण्डकी प्रदेश पोखराको बार्षिक कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको आयोजना तथा जिल्ला प्रहरी कार्यालय, बागलुङको समन्वयमा गण्डकी प्रदेश विपद व्यवस्थापन गुल्म बागलुङद्वारा बागलुङ नगरपालिका स्थित विभिन्न वडाहरुमा बसोबास गर्ने २६ जना सहभागीहरुलाई समुदाय खोज तथा उद्दार तालिम संचालन भएको छ। गण्डकी प्रदेश सरकारका माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय दिपेन्द्र थापाको प्रमुख आतिथ्यमा अन्दाजी ३०० जनाको उपस्थितीमा उक्त तालिमको समापन गर्नुका साथै बा.न.पा. १ बाङ्गेचौर स्थित खुल्ला मैदानमा डोरीबाट गरिने खोज तथा उद्दार (Rope Rescue), भत्केका संरचनामा गरिने खोज तथा उद्दार (CSSR) र आगलागी नियन्त्रण तथा उद्दार (Fire Fighting) सम्बन्धि सिमुलेशन कार्यक्रम समेत सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।



भिमगिठे स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा नियमित उत्तरप्रसुति भेट कार्यक्रम संचालन भएको छ। आमा र शिशुको सरसफाइ, पोषण, पुर्णस्तनपान, परिवार नियोजन र खोप सम्बन्धि स्वास्थ्य शिक्षा प्रदान गरिएको छ।




**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार




आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुङ्गको आयोजनामा प्रत्येक महिनाको १२ गते बाट संचालित बडीगाड गा.पा-२ को साविक वडा न.६ सिमलचौर, नेटामा गाउँघर किल्निक सञ्चालन गरि बच्चाहरुको तौल अनुगमन, गर्भवति चेक,परिवार नियोजन साधन, प्राथमिक उपचार जम्मा २२ जनाको उपस्थितिमा सम्पन्न भएको छ।




पर्वत अस्पतालको आयोजनामा स्वागत एबम फेरि भेटौला कार्यक्रम संचालन भएको छ।




अमलाचौर स्वास्थ्य चौकी, बाग्लुङ्गमा यस आ.ब. २०८०/८१ को आठौ सुत्केरी भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





मध्यविन्दु जिल्ला अस्पतालको पाँचौं बार्षिक उत्सब गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री माननीय महेन्द्रधोज जि.सि.को प्रमुख आतिथ्यमा सम्पन्न भएको छ।




स्वास्थ्य कार्यालय, बागलुङको सहजिकरण तथा ताराखोला गाउँपालिकाको आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम ताराखोला स्वास्थ्य चौकिमा सम्पन्न भएको छ। उक्त संस्थाले ७९% अंक प्राप्त गरेको छ। सो कार्यक्रममा स्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरे, स्वास्थ्य संयोजक उदित थापा, प्रकाश शर्मा, शोभा शर्मा लगायत स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको उपस्थितिमा सम्पन्न भएको छ। साथै सोहि अबसरमा पालिका स्तरिय अभिमुखिकरण पनि सन्चालन गरिएको छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजना तथा World Health Organization Nepal को प्राविधिक सहयोगमा मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्माको अध्यक्षता एवं स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका सागर दाहाल, WHO का प्रतिनिधिहरू लगायत स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालिम केन्द्र, जनस्वास्थ्य प्रयोगशालाका प्रतिनिधिहरूको उपस्थितिमा सर्भिलेन्स प्रणाली सम्बन्धी अन्तरकृयात्मक बैठक (Interaction Meeting on Surveillance System) सम्पन्न भएको छ। स्वास्थ्य कार्यालय, म्याग्दी, पर्वत, कास्की र लमजुङका प्रमुखहरू, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका प्रतिनिधि, गण्डकी प्रदेशका विभिन्न जिल्ला स्थित स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख लगायतको उपस्थितिमा सञ्चालित उक्त बैठकमा SORMAS मा केन्द्रित रहेर छलफल भएको थियो। उक्त अन्तरकृयामार्फत संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा थप परिष्कृत रूपमा उक्त प्रणालीलाई मजबुत बनाउने निर्णय भएको छ।




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार




'हो! हामी क्षयरोग अन्त्य गर्छौं' भन्ने मूल नाराका साथ  विश्व क्षयरोग स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा पत्रकार तथा सरोकारवालाहरुसंग अन्तरकृया कार्यक्रम संचालन भएको छ।



तंग्राम स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा  विश्व क्षयरोग दिवसको अवसरमा सचेतनामुलक कार्यक्रम संचालन भएको छ।






अमलाचौर स्वास्थ्य चौकी, बागलुङको आयोजनामा वडा स्तरिय खोप समन्वय समितिका अध्यक्ष कोपिलामणि शर्माको अध्यक्षतामा नियमित खोप सेवा सङ्गै सरसफाई प्रबर्द्धन कार्यक्रमको गण्डकी प्रदेश स्तरिय भिडियो डकुमेन्ट्री तयार गर्ने कार्यक्रम संचालन भएको छ।



भच्चेक आधारभूत अस्पताल, गोरखाको आयोजनामा नियमित खोप सेवा मार्फत सरसफाइ प्रबर्द्धन कार्यक्रम संचालन भएको छ।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रूप लिन सक्दछ ।**

# साप्ताहिक समाचारपत्रिका

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य शाखा अन्नपुर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) मुल्यांकन भु-तातोपानी स्वास्थ्य चौकिमा सम्पन्न भएको छ। उक्त संस्थाले ८४% अंक प्राप्त गरेको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजना र मोदी गाउँपालिकाको समन्वयमा स्थानीय निकायका प्रमुख, उपप्रमुख तथा जनप्रतिनिधि, शाखा प्रमुख र सरोकारवालाहरू बिच पोषण पैरबी/बैठक तथा अन्तरक्रिया कार्यक्रम मोदी गाउपालिकाका अध्यक्ष हिरा देवी शर्माको अध्यक्षतामा सम्पन्न भएको छ। उक्त कार्यक्रममा मोदी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत राम प्रसाद शर्माको आतिथ्यता रहेको थियो भने जनप्रतिनिधिहरु, कृषि, भेटेनरी, शिक्षा तथा स्वास्थ्य शाखाका प्रतिनिधिहरु र सरोकारवालाहरुको सहभागितामा रहेको थियो। कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालयका पोषण फोकल व्यक्ति तेज सुवेदी, जनस्वास्थ्य अधिकृत अन्जली पौडेल, स्वास्थ्य शाखा प्रमुख उमेश अधिकारि र कृषि अधिकृत मनिषा महतले गर्नुभएको थियो।




गण्डकी प्रदेशमा स्वास्थ्य तालिमको विविध आयामहरूलाई दिशानिर्देश गर्ने दस्तावेजको रूपमा गण्डकी प्रदेश स्वास्थ्य तालिम रणनीति २०८०-८७ गण्डकी प्रदेश सरकार मन्त्री परिषद्को मिति २०८०/११/२३ गते को बैठकबाट स्वीकृत भई लागु भएको छ। यस रणनीतिको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका मन्त्री माननीय महेन्द्रध्वज जि.सी. द्वारा अनावरण गरी सार्वजनिक गरिएको छ। स्वास्थ्य तालिम केन्द्रका निमित्त महानिर्देशक रमेश प्रसाद अधिकारीको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रममा विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्मा लगायत प्रादेशिक निकायहरूका महानिर्देशकहरू, महाशाखा/शाखा प्रमुखहरू, मेडिकल कलेजका प्रमुखहरू, गैर सरकारी सहयोगी संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




जलजला सामुदाईक स्वास्थ्य ईकाई, बाग्लुङ्गको आयोजनामा नैतुलामा नियमित गाउँ घर क्लिनिक सञ्चालन भएको छ।



प्रहरी चौकी, ठुलिपोखरी, पर्बतको आयोजनामा कुश्मा नगरपालिका-१३ पौडेल चोकमा टोल सुधार समितिका अध्यक्ष कृष्ण बहादुर लामिछानेको अध्यक्षतामा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानिय मानिसहरुको उपस्थितिमा मानव वेचबिखन नियन्त्रण सम्बन्धि लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।

**बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ।**



दगातुन्डाडा स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा 'हो! हामी क्षयरोग अन्त्य गर्छौं !' भन्ने नाराका साथ समुदाय तथा निको भएका र उपचारमा क्षयरोगका बिरामिहरुसङ्ग अन्तर्कृया कार्यक्रम बडिगाड १ मा सम्पन्न भएको छ।



प्रहरी चौकी, वारीबेनी पर्वतको आयोजनामा जलजला गाउँपालिका-३ गुफा टोलमा उत्साही युवा क्लवका सचिव राज कुमार परियारको अध्यक्षतामा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानिय समाजसेवी, वुद्दिजिवी, युवा क्लव, स्थानिय व्यक्तिहरुको उपस्थितिमा लागुऔषध दुर्व्यासनि न्यूनिकरण सम्बन्धि लघुसचेतना मुलक कार्यक्रम संचालन भएको छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा २ दिने VCAT (Value Clarification and Attitude Transformation on Safe Abortion) अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। जिल्लाका ३ स्थानीय तह अन्तर्गतका सुरक्षित गर्भपतन सेवाका सेवाप्रदायक, स्वास्थ्यकर्मि तथा पालिकाका स्वास्थ्य शाखामा कार्यरत MNH फोकल पर्सन, बिद्यालय नर्सहरु तथा पत्रकारहरुको सहभागीता रहेको अभिमुखिकरण कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यलय, बागलुङ र पर्वतका प.हे.न.नि. सीमा कुँवर र सुमन शर्माले गर्नुभएको थियो। स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यले कार्यक्रमका सम्बन्धमा मन्तब्य राख्नुभएको थियो।




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



भुलभुले स्वास्थ्य चौकी, लमजुङ्ग आयोजनामा 'हो! हामी क्षयरोग अन्त्य गर्छौं !' भन्ने नाराका साथ बिबिध कार्यक्रम गरि सम्पन्न भएको छ।



स्वास्थ्य मन्त्रालय र डब्लुएचओबीच बालबालिकामा हुने बिभिन्न क्यान्सरहरु मध्ये ३५ प्रकारका औषधिहरु निःशुल्क उपलब्ध गराउने सहमति भएको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार



फापरथुम स्वास्थ्य चौकी, स्याङ्जाको आयोजनामा क्षयरोग सम्बन्धि सचेतना तथा खकार संकलन कार्यक्रम आधिँखोला गाउँपालिका वडा न ०६ अन्तर्गतका सम्धीखोला, शेरा तथा छापा टोलमा संचालन भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा निसीखोला गाउँपालिका र राजकुट स्वास्थ्य चौकीको समन्वयमा किटजन्य रोगहरूको अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। राजकुट स्वास्थ्य चौकी अन्तर्गतका व्यावस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी, म.स्वा.से लगायतको सहभागिता रहेको कार्यक्रमको स्वास्थ्य कार्यालय, बागलुङका कार्यालय प्रमुख बाबुराम आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो। मन्तव्य निसीखोला गाउँपालिका स्वास्थ्य शाखाबाट जुनि घर्ती मगरले राख्नु भएको थियो। कार्यक्रमको सन्चालन स्वास्थ्य कार्यालय बागलुङका ज.स्वा. नि. लक्ष्मी शर्माले गर्नुभएको थियो। ज.स्वा.नि. लक्ष्मी शर्मा, कमला थापाले कार्यक्रमको सहजिकरण भएको थियो।



आमाबुबालाई वीर अस्पतालमा चिकित्सक कहाँ लग्दै गरेका एक बालक। वीर अस्पतालमा भेटिएका यी बाबुले आफ्ना बाबुआमाको सेवा सुश्रुषा गर्न कहिल्यै उमेर वाधक बन्दैन भन्ने उदाहरण प्रस्तुत गर्दैछन्। तस्बिर : डा अरुण सेढाईं

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार




आमा पनि, राष्ट्रसेवक स्वास्थ्यकर्मी पनि - सालिजा स्वास्थ्य चौकी, पर्वतका अ.न.मी तुलसी पाईजा मगर र उहाँसँगै यसरी सात महिनाका आरव पनि सँगै स्वास्थ्य संस्था आउनुहुन्छ।





**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंको आयोजना तथा USAID को सहयोगमा आ.ब. २०८१/८२ को योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ। कार्यक्रममा सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर विनोद विन्दु शर्माले प्रस्तुतीकरण राखुभएको थियो।



संक्रामक तथा सरुवारोग अस्पत्ताल, कास्कीको आयोजनामा हेमोडायलासिस सम्बन्धि CME कक्षा संचालन भएको छ।




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो" ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा आर्थिक बर्ष ०८०/८१ को अर्धवार्षिक समिक्षा तथा क्षयरोग कोहर्ट विश्लेषण गोष्ठी कार्यक्रम सम्पन्न भएको छ। स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका दिवाकर शर्माले सहजिकरण गर्नुभएको थियो।




फलेबास नगरपालिका, पर्बतको आयोजना फलेवास नगरपालिका, पर्वतका सबै वडामा "स्तन क्यान्सर पाठेघरको मुखको क्यान्सर साथै आङ खस्ने समस्याको नि:शुल्क स्वास्थ्य परिक्षण, परामर्श तथा उपचार" स्वास्थ्य शिविर संचालन भैरहेको छ। कार्किनेटाबाट उद्घाटन गरि शुरु गरिएको शिविर हालसम्म ६ वटा वडामा सम्पन्न भैसकेको छ।



हिल स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा सुत्केरी घरभेट साथै लोक्कल कुखुरा बितरण कार्यक्रम संचालन भएको छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको सहजिकरण तथा पोखरा महानगरपालिकाको आयोजनामा पोखरा महानगर पालिकाका स्वास्थ्य संस्थाहरुमा DHIS-2 र RDQA सम्बन्धि २ दिने तालिम कार्यक्रम दुई सञ्चालन भएको छ।



गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा नेपाल प्रहरी र ससस्त्र प्रहरीहरुका लागि HIV AIDS सम्बन्धी भेदभाव लान्छना बिरुदको अभिमुखिकरण कार्यक्रम तनहुँमा संचालन भएको छ।



जिल्ला अस्पताल, मनाङ्गको आयोजनामा हुम्डे, मनाङमा "अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सम्बन्धी" अभिमुखीकरण कार्यक्रम संचालन भएको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पुर्व सचिव डाक्टर प्रविण कुमार मिश्रको अकल्पनीय निधनको खवरले स्तब्ध बनाएको छ। दिवंगत आत्माको चिर शान्तिको कामना सहित श्रद्धाञ्जली व्यक्त गर्दछौं, साथै शोकाकुल परिवारमा गहिरो समवेदना।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिटै महामारीको रूप लिन सक्दछ ।**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"।**

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८६, वर्ष ५, २०८० चैत्र १८, March 31, 2024 आइतबार

**हाल रुघाखोकी र ज्वरोले समुदायस्तरमा प्रकोपको रूप लिंदै गइरहेको छ। धेरैले रुघाखोकी र ज्वरोलाई सामान्य रूपमा लिँदा गम्भीर समस्या देखा परेको हुँदा थप सतर्कता अपनाउनका लागि अनुरोध गरिएको छ। कुनै स्वास्थ्य समस्या परेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।**



धौलागिरी आयुर्वेद औषधालय, बागलुङमा पाइल्स फिसर र फिस्टुला सम्बन्धी गुदद्वार बिशेष रोगको परिक्षण र उपचार सेवा संचालनमा रहेको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजना र जलजला गाउँपालिकाको समन्वयमा स्थानीय निकायका प्रमुख, उपप्रमुख तथा जनप्रतिनिधि, शाखा प्रमुख र सरोकारवालाहरू बिच पोषण पैरवि वैठक तथा अन्तरक्रिया कार्यक्रम जलजला गाउपालिकाका अध्यक्ष राजु प्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा जनप्रतिनिधिहरु, कृषि, भेटेनरी, शिक्षा तथा स्वास्थ्य शाखाका प्रतिनिधिहरु र सरोकारवालाहरुको सहभागितामा रहेको थियो।



स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा जलजला गाउँपालिका, शालिजा स्वास्थ्य चौकीको समन्वयमा स्वास्थ्य संस्थामा कार्यरत प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम सम्पन्न भएको छ। जसमा सामान्य प्रसूति, प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन , Pre-eclampsia / Eclampsia को व्यवस्थापन, Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting, infection prevention जस्ता विषयमा ज्ञान सिपको बिकास गरिएको छ। यस सगै पर्वत जिल्लामा यस आर्थिक बर्षमा स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा ६ ब्याच Onsite coaching सम्पन्न भैसकेको छ ।

**सम्पादक**
नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com

